आज मिति २०७५।१०।२६ गतेका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्ड बैठक तपसिलको उपस्थितिमा बसीयो ।

तपसिल, उपस्थिति

| | | |
|---|---|---|
| १. श्री खगेन्द्र राई | - नगर प्रमुख | Manm |
| २. श्री रिता कुमारी चौधरी | - उप-प्रमुख | |
| ३. श्री रोहितमान तामाङ | - अध्यक्ष वडा नं. १ | |
| ४. श्री सन्तोष सुवेदी | - " २ | |
| ५. श्री पर्शुराम राई | - " ३ | |
| ६. श्री चरण कुमार राई | - " ४ | |
| ७. श्री देवनारायण चौधरी | - " ५ | |
| ८. श्री कमलध्वज राई | - " ६ | |
| ९. श्री तेजराज तिम्सिना | - " ७ | |
| १०. श्री श्याम कुमार मगर | - " ८ | श्याम |
| ११. श्री प्रकाश राउत | - " ९ | |
| १२. श्री राम कुमार खड्का | - " १० | |
| १३. श्री देवी कार्की | - न.का.स. | |
| १४. श्री जानुका कमर | - " | |
| १५. श्री मदन कुमारी कार्की | - " | |
| १६. श्री बिमला राई | - " | |
| १७. श्री डोमा शेर्पा | - " | |
| १८. श्री अस्मिता नेपाली | - " | अस्मिता |
| १९. श्री प्रमिला दनुवार | - " | |
| २०. श्री सुन्दर प्रकाश साह | - " | सुन्दरप्रकाश |
| २१. श्री शिव प्रसाद हुमेगाई | - प्रमुख प्रशासकिय अधिकृत | |

प्रस्तावहरु

१. प्रजातन्त्र दिवस सम्बन्धमा ।
२. ~~बारा~~ सर्पदंश उपचार सम्बन्धमा ।
३. पारा खेलकुद विकास संघको माग सम्बन्धमा ।
४. स्वास्थ्य कर्मीहरुको अतिरिक्त भत्ता सम्बन्धमा ।
५. नागरिकता शिविर सम्बन्धमा ।

Scanned by CamScanner

६, राष्ट्रपति पुरेतराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमा ।
७, आर्थिक सहयोग सम्बन्धमा ।
८, OBC को माग सम्बन्धमा ।
९, प्रथम राष्ट्रिय वैश्य सम्मेलन उदयपुर सम्बन्धमा ।
१०, वडा भवन सम्बन्धमा ।

निर्णयहरु

नि.नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७५।११।०७ गतेका दिन ६९ औं प्रजातन्त्र दिवस भव्यताका साथ ~~मिन्न~~ मनाउने निर्णय गरियो । उक्त कार्यक्रममा सबै वडाबाट १।१ वटा राष्ट्रीय -ता झल्किने गीत ~~मान~~ संग सम्बन्धीत ग्रुप डान्स ~~प्रतियोगिता~~ ल्याउने साथै सबै जात जातिहरुको संस्कृति परम्परा झल्कीने गरि झाँकी सहित बजार परिक्रमा गर्ने निर्णय गरियो । कार्यक्रम - न.पा.को वडा नं. ६ बेल्टारको बसपार्कमा संचालन गर्ने - निर्णय गरियो । उक्त कार्यक्रममा निम्नानुसार खर्च गर्ने निर्णय गरियो ।

तपसिल

१. उत्कृष्ट डान्स पुरस्कार प्रथम रु. ७०००।- सात हजार
द्वितिय रु. ५०००।- पाँच हजार
तेस्रो रु. ३०००।- तीन हजार
सान्तवना पुरस्कार स्वरुप अन्य सहभागी लाई १०००।- का दरले दिने
पानी, टेन्ट, लगायत अन्य खर्च रु. २०,०००।-

नि.नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा ~~हरेक~~ वर्षायाममा यस नगर क्षेत्रमा विषालु सर्पहरुको संक्रमण देखिने भएको र गत आ.व. मा श्री नं. १८ वाहिनी गाइघाटको प्राविधिक सहयोगमा यस न.पा.को प्रा.स्वा.के. मा सर्पदंश उपचार सेवा संचालन गरिएको हुँदा ~~चालु~~ यस वर्ष पनि वर्षायाम शुरु भएको हुँदा प्रा.स्वा.के. बेल्टारमा सर्पदंश उपचार सेवा संचालनको लागि श्री नं. १८ वाहिनी गाइघाट लाई प्राविधिक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.३ प्रस्ताव नं. २ माथि छलफल गर्दा पारा खेलकुद विकास संघ उदयपुरको माग अनुसार उक्त संघ द्वारा आयोजित "प्रथम उदयपुर पारा खेलकुद एवं साँस्कृतिक कार्यक्रम २०७५" सञ्चालन सहयोगार्थ रु. ५०,०००।- खेलकुद तर्फ बाट उपलब्ध उपलब्ध गाराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा. अन्तर्गत का विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मी हरुले अतिरिक्त भत्ताको माग गर्नु भएको हुँदा स्वास्थ्य सेवा तर्फ नेपाल सरकार तथा प्रदेश सरकार द्वारा जारी कार्यविधि ~~हरुको अध्ययन~~ हरुमा उल्लेख भएको व्यवस्थालाई आधार राखि सर्वपाक्षीय छलफल गरि स्थानीय कार्यविधि बनाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७५।११।१० गते वडा नं. ८ मा र ११ गते वडा नं. ९ मा नागरिकता वितरण शिविर संञ्चालन हुने भएको हुँदा उक्त दुवै वडाको वडा कार्यालय हरुमा केन्द्र राखि शिविर संञ्चालन गर्ने निर्णय गरियो। साथै उक्त शिविर संञ्चालन सम्बन्धमा १० वटै वडामा व्यापक प्रचार प्रसार गरि सबै टोल वस्तिहरुमा जानकारी गराउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति बाट यस न.पा.को वडा नं. ४,५, ६, ९ र १० मा कार्यक्रम गर्ने गरि रु. ८० लाख २५ हजार बजेट पठाएको हुँदा उक्त रकम तपसिल अनुसार खर्च गर्ने निर्णय गरियो ।

तपसिल

वडा नं. ४ रु. १० लाख

वडा नं. ५ रु. १८ लाख

वडा नं. ६ रु. १० लाख

वडा नं. ९ रु. १८ लाख

वडा नं. १० रु. १८ लाख

Scanned by CamScanner

बाँकी रकम रु. ६ लाख ५५ हजार न.पा. द्वारा कार्यक्रम गर्ने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा विभिन्न वडाबाट आर्थिक सहयोगको लागी सिफारिस भई आएको हुँदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपासिल

१. नहकुल राई वडा नं.३ मृगौला रोगी रु. ५०,०००।-
२, ललकु चौधरी वडा नं. ४ कलेजो क्यान्सर रु. ५०,०००।-
३, शान्देश राई वडा नं. ८ मृगौला रोगी रु. ५०,०००।-
४, भागमन्ती चौधरी वडा नं. ९ (आगोले पोलेको) रु. १५,०००।-
५, अर्जुन राई वडा नं. ८ मृगौला रोगी रु. ५०,०००।-
६, अमृता देवी कार्की वडा नं. ७ क्यान्सर रोगी रु. ५०,०००।-
७, दिनेश सदाको छोरा सागर सदा वडा नं. ५ अक्स्यात रोग रु. १०,०००।-
८, ,, छोरी करुना सदा रु. १०,०००।-
९, दिपेन्द्र गिरी वडा नं. ९ रु. रु. ५०,०००।-(मृगौला रोगी)
१०, शान्ती राई त्रि.न.पा. १० क्यान्सर रु. १०,०००।-
११. रामकुमार नबि.कु. वडा नं. ६ रु. १५,०००।-

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा डम्वा ठाकुर लगायतको माग निवेदन तथा नेपाल पिछडावर्ग OBC महसंघको सिफारिस बमोजिम ठाकुर जातिको बाबा बेरीराम पुजाको लागि पिछडा वर्ग तर्फ विनियोजित रकम बाट रु. ५५,०००।- उपलब्ध गराउने निर्णय पारित गरियो ।

नि.नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रथम राष्ट्रिय वैदी सम्मेलन उदयपुर, नेपाल-२०७५ को आयोजक समितिले आर्थिक सहयोग माग गरेकोहुँदा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल यस न.पा.को वडा नं. २,३,६,७ र ९ को वडा कार्यालय भवन निर्माणको लागि

Scanned by CamScanner

ठेक्का प्रक्रिया पुरा भई सम्झौता समेत भै सकेकोमा उक्त भवनहरुको जगमा इटा र झ्यालमा आल्मुनियम प्रयोग गर्ने गरि स्टीमेट भएको हुँदा उक्त इटा र आल्मुनियमको सट्टा ढुंगा र काठ प्रयोग गर्ने गराउने निर्णय गरियो।

Scanned by CamScanner